प्रसारित तथा वितरित गरिएको शुक्रबारको प्रवचन (खुत्बा)

मितिः १५ रबिउल अव्वल १४४८ हिजरी तदनुसार २८/८/२०२६ ईस्वी

# अल्लाहका वरदान (नेमत) हरूको संरक्षण

सबै प्रशंसा अल्लाहका लागि मात्र हुन्। हामी उहाँकै प्रशंसा गर्दछौं, उहाँसँगै मद्दत माग्छौं र उहाँसँगै क्षमा याचना गर्दछौं। हामी हाम्रा आत्माका दुष्टताहरू र हाम्रा खराब कर्महरूबाट अल्लाहको शरण चाहन्छौं। जसलाई अल्लाहले मार्गदर्शन गर्नुहुन्छ, उसलाई कसैले बहकाउन सक्दैन; र जसलाई उहाँले मार्गविहीन छाड्नुहुन्छ, उसका लागि कोही मार्गदर्शक हुँदैन। म साक्षी दिन्छु कि अल्लाह बाहेक कोही सत्य उपास्य छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। र म साक्षी दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका भक्त (दास) र रसूल (सन्देशवाहक) हुनुहुन्छ, उहाँका सृष्टिहरूमध्ये चुनिएका र उहाँका घनिष्ठ मित्र हुनुहुन्छ; उहाँले अमानत पूरा गर्नुभयो, सन्देश पुऱ्याउनुभयो, र आफ्नो अन्तिम घडीसम्म अल्लाहको मार्गमा यथोचित संघर्ष गर्नुभयो। अल्लाहको अपार शान्ति र कृपा उहाँमाथि, उहाँका परिवारजन र उहाँका सबै साथीहरू (सहाबाहरू) माथि रहोस्।

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ حَقَّ تُقَاتِهِ وَلَا تَمُوتُنَّ إِلَّا وَأَنْتُمْ مُسْلِمُونَ} [آل عمران: 102].

{हे आस्थावानहरू हो! अल्लाहसँग डराउनुपर्ने जस्तो गरी डराऊ, र तिमीहरूको मृत्यु मुस्लिम (अल्लाहप्रति समर्पित) भएको अवस्थामा बाहेक नहोस्।} [आल इमरान: १०२]।

यसपछिः निस्सन्देह सबैभन्दा सत्य वचन अल्लाहको किताब हो, र सबैभन्दा उत्तम मार्गनिर्देशन मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को मार्गनिर्देशन हो। सबैभन्दा खराब कुराहरू (धर्ममा) नयाँ सिर्जना गरिएका कुराहरू हुन्, र प्रत्येक नयाँ सिर्जना गरिएको कुरा "बिदअत" (विकृति) हो, र प्रत्येक बिदअत पथभ्रष्टता हो, र प्रत्येक पथभ्रष्टता नर्कको आगोमा पुऱ्याउने साधन हो।

हे अल्लाहका भक्तहरू हो:

हामीमाथि अल्लाहका वरदानहरू असङ्ख्य छन्, र उहाँका अनुग्रहहरू व्यापक तथा प्रचुर छन्। उहाँले कति धेरै भलाइहरू प्रदान गर्नुभयो र अनुग्रह गर्नुभयो, कति धेरै उपकारहरू बक्सनुभयो, कति विपत्तिहरू हटाउनुभएको छ र कति सजाय तथा संकटहरू हामीबाट टारिदिनुभएको छ!!

सर्वशक्तिमान अल्लाहले भन्नुभएको छः

{وَآتَاكُمْ مِنْ كُلِّ مَا سَأَلْتُمُوهُ وَإِنْ تَعُدُّوا نِعْمَتَ اللَّهِ لَا تُحْصُوهَا إِنَّ الْإِنْسَانَ لَظَلُومٌ كَفَّارٌ} [إبراهيم: 34]

{र उहाँले तिमीहरूलाई मागेका सबै कुराहरूबाट प्रदान गर्नुभयो; र यदि तिमीहरूले अल्लाहका वरदानहरू गन्न चाह्यौ भने, त्यसलाई गणना गर्न सक्ने छैनौ। निश्चय नै मानिस अत्यन्तै अत्याचारी र कृतघ्न छ।} [इब्राहिमः ३४]।

मानिसको कमजोरी नै यही हो कि उसले सम्भवतः वरदान गुमेपछि र समाप्त भएपछि मात्र त्यसको महसुस गर्दछ, र त्यो नष्ट भएपछि मात्र त्यसको कदर बुझ्दछ। ईमान र सुरक्षा एक वरदान हो; स्वास्थ्य र परिवार एक वरदान हो; पानी र बिजुली एक वरदान हो; अझ भनौं, तपाईंको छातीमा चल्ने प्रत्येक सास नै सर्वशक्तिमान अल्लाहको एक महान वरदान हो।

हे **मोमिन** (आस्तावान) हरू होः

वरदानहरूको संरक्षण केही धार्मिक कारण र माध्यमहरूबाट हुन्छ, जसलाई कुरआन र सुन्नतले स्पष्ट पारेका छन्।

त्यसमध्ये एउटाः **पापहरूबाट टाढा रहनु** हो; किनकि पापहरू वरदान समाप्त हुनुका सबैभन्दा ठूला कारणहरूमध्ये पर्छन्।

सर्वशक्तिमान अल्लाहले भन्नुभएको छः

{ذَلِكَ بِأَنَّ اللَّهَ لَمْ يَكُ مُغَيِّرًا نِعْمَةً أَنْعَمَهَا عَلَى قَوْمٍ حَتَّى يُغَيِّرُوا مَا بِأَنْفُسِهِمْ وَأَنَّ اللَّهَ سَمِيعٌ عَلِيمٌ} [الأنفال: 53]

{यो यसकारण हो कि अल्लाहले कुनै जातिलाई दिएको वरदान तबसम्म बदल्नुहुन्न, जबसम्म उनीहरूले आफ्नो अवस्था आफैं बदल्दैनन्; र निश्चय नै अल्लाह सबै सुन्ने, सबै जान्ने हुनुहुन्छ।} [अल-अनफाल: ५३]।

जुबैर बिन नुफैर (रहिमहुल्लाह) बाट वर्णित छ, उहाँले भन्नुभयो:

(जब साइप्रस (किब्रिस) विजय भयो र त्यहाँका बासिन्दाहरूलाई एकअर्काबाट छुट्याइयो, तब उनीहरू एकअर्कालाई हेरेर रुन थाले। मैले अबु दर्दा (रजियल्लाहु अन्हु) लाई एक्लै बसेर रोइरहेको देखें। मैले सोधें: हे अबु दर्दा! अल्लाहले इस्लाम र यसका अनुयायीहरूलाई सम्मान र विजय दिएको यस्तो दिनमा तपाईंलाई केले रुवायो? उहाँले भन्नुभयो: "धिक्कार छ तिमीलाई, हे जुबैर! जब मानिसले अल्लाहको आदेश त्याग्छ, तब ऊ अल्लाहको दृष्टिमा कति अपमानित हुन्छ! कुनै समय उनीहरू एक शक्तिशाली र विजयी जाति थिए, उनीहरूसँग सत्ता थियो, तर उनीहरूले अल्लाहको आदेश त्यागे; फलस्वरूप उनीहरू आज यस्तो अवस्थामा पुगे जुन तिमी देखिरहेका छौ")।

अली बिन अबी तालिब (रजियल्लाहु अन्हु) ले भन्नुभयो:

(कुनै पनि विपत्ति पाप बिना आउँदैन, र पश्चात्ताप (तौबा) बिना टर्दैन)।

इब्न अल-कय्यिम (रहमहुल्लाह) ले भन्नुभयो:

(पापका सजायहरूमध्ये एक सजाय वरदानहरू समाप्त हुनु र विपत्तिहरू आउनु पनि हो)।

कतिपय मानिसहरू सुख-शान्ति र समृद्धिमा बाँचिरहेका थिए, तर जब उनीहरूले आज्ञाकारितालाई अवज्ञामा र शान्तिलाई अशान्तिमा बदले, तब उनीहरूको स्थिति उल्टियो र अवस्था बिग्रियो।

यदि तिमी कुनै वरदानमा छौ भने त्यसको जगेर्ना गर,

किनकि पापहरूले नै वरदानहरूलाई समाप्त गरिदिन्छन्।

र त्यसलाई सृष्टिकर्ताको आज्ञाकारिताद्वारा सुरक्षित राख,

किनकि भक्तहरूको पालनकर्ता सजाय दिनमा अति छिटो हुनुहुन्छ।

वरदान सुरक्षित राख्ने अर्को माध्यमः अल्लाहको कृतज्ञता (शुक्र) व्यक्त गर्नु हो। कृतज्ञता नै वरदानलाई कायम राख्ने र विपत्तिहरूलाई हटाउने साधन हो।

सर्वशक्तिमान अल्लाहले भन्नुभएको छः

{وَإِذْ تَأَذَّنَ رَبُّكُمْ لَئِنْ شَكَرْتُمْ لَأَزِيدَنَّكُمْ وَلَئِنْ كَفَرْتُمْ إِنَّ عَذَابِي لَشَدِيدٌ} [إبراهيم: 7]

{र जब तिम्रा पालनकर्ताले घोषणा गर्नुभयो: यदि तिमीहरूले कृतज्ञता व्यक्त गर्यौं भने, म पक्कै पनि तिमीहरूलाई अझ धेरै दिनेछु; तर यदि तिमीहरूले कृतघ्नता गर्यौं भने, निश्चय नै मेरो सजाय अत्यन्तै कठोर छ।} [इब्राहिम: ७]।

उमर बिन अब्दुल अजीज (रहिमहुल्लाह) ले भन्नुभयो: (अल्लाहका वरदानहरूलाई कृतज्ञताद्वारा बाँधेर राख)।

पुरातन विद्वानहरू भन्ने गर्थे: (कृतज्ञता विद्यमान वरदानको बन्धन हो, र गुमेको वरदानलाई प्राप्त गर्ने साधन हो)।

कृतज्ञता भनेको मनबाट स्वीकार गर्नु, मुखले प्रशंसा गर्नु, र वरदानलाई परम कृपालु अल्लाहको आज्ञाकारितामा प्रयोग गर्नु हो।

सर्वशक्तिमान अल्लाहले भन्नुभएको छ:

{ اعْمَلُوا آلَ دَاوُودَ شُكْرًا } [سبأ: 13]

{हे दाऊदका सन्तानहरू हो! कृतज्ञता स्वरूप असल कर्म गर।} [सबा: १३]।

हे धन्य व्यक्तित्वहरू हो:

वरदान सुरक्षित रहने माध्यमहरूमध्ये अर्को महत्त्वपूर्ण माध्यम: तिनको प्रयोगमा सन्तुलन कायम गर्नु र अपव्यय (फजुलखर्ची) त्यागनु हो।

सर्वशक्तिमान अल्लाहले भन्नुभएको छः

{يَابَنِي آدَمَ خُذُوا زِينَتَكُمْ عِنْدَ كُلِّ مَسْجِدٍ وَكُلُوا وَاشْرَبُوا وَلَا تُسْرِفُوا إِنَّهُ لَا يُحِبُّ الْمُسْرِفِينَ} [الأعراف: 31]،

{हे आदमका सन्तानहरू हो! प्रत्येक प्रार्थनाको समयमा आफ्नो सुन्दर पहिरन लगाऊ, र खाऊ र पिऊ तर फजुलखर्ची नगर; किनकि उहाँले फजुलखर्ची गर्नेहरूलाई मन पराउनुहुन्न।} [अल-अराफः ३१]।

र उहाँले भन्नुभएको छः

{وَآتِ ذَا الْقُرْبَى حَقَّهُ وَالْمِسْكِينَ وَابْنَ السَّبِيلِ وَلَا تُبَذِّرْ تَبْذِيرًا (26) إِنَّ الْمُبَذِّرِينَ كَانُوا إِخْوَانَ الشَّيَاطِينِ وَكَانَ الشَّيْطَانُ لِرَبِّهِ كَفُورًا} [الإسراء: 26، 27]

{र नातेदारलाई उसको हक देऊ, र गरिब तथा यात्रुलाई पनि; र अनावश्यक रूपमा धन नउडाऊ (२६)। निश्चय नै फजुलखर्ची गर्नेहरू शैतानका भाइहरू हुन्; र शैतान आफ्नो पालनकर्ताप्रति अत्यन्तै कृतघ्न छ।} [अल-इस्राः २६, २७]।

आज कति धेरै पानी खेर फालिन्छ! कति धेरै बत्तीहरू विनाकाम बालिरहिन्छ! र कति धेरै खानाहरू फोहोरको टोकरीमा फ्याँकिन्छन्! यदि मानिसहरूले यी त्यस्ता वरदानहरू हुन् जसका बारेमा सोधपुछ गरिनेछ भन्ने कुरा महसुस गरेका भए, उनीहरूले यिनको सही सदुपयोग गर्ने थिए।

सर्वशक्तिमान अल्लाहले भन्नुभएको छः

{ثُمَّ لَتُسْأَلُنَّ يَوْمَئِذٍ عَنِ النَّعِيمِ} [التكاثر: 8]

{त्यसपछि निश्चय नै त्यस दिन तिमीहरूलाई वरदानहरू (नेमतहरू) का बारेमा सोधिनेछ।} [अत-तकाथुरः ८]।

अबु बर्जाह अल-अस्लमी (रजियल्लाहु अन्हु) बाट वर्णित छ, उहाँले भन्नुभयोः अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयोः «कयामतको दिन कुनै पनि भक्तको दुई पाउ तबसम्म अघि बढ्न सक्दैन जबसम्म उसलाई यी कुराहरूको बारेमा सोधिंदैनः उसको आयुको बारेमा कि उसले त्यसलाई केमा समाप्त गऱ्यो; उसको ज्ञानको बारेमा कि उसले त्यसमा के अमल गऱ्यो; उसको धनको बारेमा कि कहाँबाट कमायो र केमा खर्च गऱ्यो; र उसको शरीरको बारेमा कि उसले त्यसलाई केमा जीर्ण बनायो» [तिर्मिजी, र यसलाई सहिह मानिएको छ]।

ती माध्यमहरूमध्येः **वरदानहरूको अधिकार पूरा गर्नु** पनि हो। धनको वरदानको रक्षा जकात र सदका (दान) द्वारा हुन्छ।

सर्वशक्तिमान अल्लाहले भन्नुभएको छः

{خُذْ مِنْ أَمْوَالِهِمْ صَدَقَةً تُطَهِّرُهُمْ وَتُزَكِّيهِمْ بِهَا وَصَلِّ عَلَيْهِمْ إِنَّ صَلَاتَكَ سَكَنٌ لَهُمْ وَاللَّهُ سَمِيعٌ عَلِيمٌ} [التوبة: 103]

{उनीहरूको धनबाट सदका (दान) लिनुहोस्, जसद्वारा तपाईंले उनीहरूलाई शुद्ध र पवित्र पार्नुहुनेछ, र उनीहरूका लागि प्रार्थना गर्नुहोस्; निश्चय नै तपाईंको प्रार्थना

उनीहरूका लागि शान्ति हो; र अल्लाह सबै सुन्ने, सबै जान्ने हुनुहुन्छ।} [अत-तौबा: १०३]।

र पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«दान गर्नाले धन कहिल्यै घट्दैन» [तिर्मिजी, र अल्बानीले अबु कबशाह अल-अनमारी (रजियल्लाहु अन्हु) को हदीसबाट सहिह प्रमाणित गरेका छन्]।

ज्ञानको वरदानको रक्षा त्यसलाई फैलाएर र त्यसमाथि कार्यान्वयन गरेर हुन्छ। अब्दुल्लाह बिन अम्र बिन अल-आस (रजियल्लाहु हन्हु) बाट वर्णित छ कि पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«मेरो तर्फबाट (अरूलाई) पुऱ्याऊ, चाहे त्यो एउटै आयत किन नहोस्...» [बुखारी]।

र पद/प्रतिष्ठाको वरदानको रक्षा मानिसहरूका आवश्यकताहरू पूरा गरिदिएर हुन्छ। इब्ने उमर (रजियल्लाहु अन्हु) बाट वर्णित छ, उहाँले भन्नुभयो: अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«अल्लाहको दृष्टिमा सबैभन्दा प्रिय मानिस त्यो हो जो मानिसहरूका लागि सबैभन्दा बढी लाभदायक छ» [तबरानी, र अल्बानीले सहिह हो भने प्रमाणित गरेका छन्]।

यसरी प्रत्येक वरदानको आ-आफ्नो अधिकार हुन्छ, र जसले त्यसको हक पूरा गर्दछ, अल्लाहले उसका लागि त्यो वरदान सुरक्षित राखिदिनुहुन्छ।

अल्लाहले मलाई र तपाईंहरूलाई महान कुरआनमा बरकत दिऊन्, र मलाई तथा तपाईंहरूलाई यसमा भएका आयतहरू र बुद्धिमानीपूर्ण उपदेशहरूबाट लाभान्वित गरून्। म आफ्नो यो भनाइ भन्दै अल्लाहसँग मेरो र तपाईंहरूको लागि क्षमा माग्दछु; अतः उहाँसँग क्षमा माग्नुहोस् र उहाँतर्फ फर्किनुहोस्; निश्चय नै उहाँ अति क्षमाशील, अत्यन्त दयालु हुनुहुन्छ।

## दोस्रो खुत्बा

सबै प्रशंसा अल्लाहका लागि उहाँको उपकारका निम्ति, र उहाँलाई धन्यवाद उहाँको सफलता र अनुग्रहका निम्ति। र शान्ति तथा कृपा रहोस् उहाँको प्रसन्नतातर्फ आह्वान गर्ने मुहम्मद बिन अब्दुल्लाहमाथि, उहाँका परिवारजन, उहाँका साथीहरू, र कयामतसम्म उहाँको मार्गमा हिँड्नेहरूमाथि।

यसपछिः हे अल्लाहका भक्तहरू हो! अल्लाहसँग यथोचित रूपमा डराउनुहोस्, एकान्त र गोप्य संवादमा पनि उहाँको निगरानीको ख्याल राख्नुहोस्, र जानिराख्नुहोस् कि तपाइँहरूलाई उहाँकै सामु उपस्थित गराइने छ।

हे मुस्लिमहरू होः

निश्चय नै अल्लाहका वरदानहरूको कृतघ्नता (अनादर) गर्नाले त्यसको स्थायित्व खोसिन्छ र दुर्भाग्य निम्त्याउँछ।

सर्वशक्तिमान अल्लाहले भन्नुभएको छः

{ وَضَرَبَ اللَّهُ مَثَلًا قَرْيَةً كَانَتْ آمِنَةً مُطْمَئِنَّةً يَأْتِيهَا رِزْقُهَا رَغَدًا مِنْ كُلِّ مَكَانٍ فَكَفَرَتْ بِأَنْعُمِ اللَّهِ فَأَذَاقَهَا اللَّهُ لِبَاسَ الْجُوعِ وَالْخَوْفِ بِمَا كَانُوا يَصْنَعُونَ} [النحل: 112].

{र अल्लाहले एउटा यस्तो बस्तीको उदाहरण प्रस्तुत गर्नुभयो जुन सुरक्षित र सन्तुष्ट थियो, जहाँ चारैतिरबाट प्रशस्त मात्रामा जीविकोपार्जन (रिज्क) आइपुग्थ्यो; तर त्यसले अल्लाहका वरदानहरूको कृतघ्नता गर्‍यो, तब उनीहरूका कर्तुतहरूका कारण अल्लाहले उनीहरूलाई भोक र डरको स्वाद चखाइदिनुभयो।} [अन-नह्ल: ११२]।

अल्लाहले दुई ठूला वरदानहरू: 'शान्ति/सुरक्षा' र 'जीविकोपार्जन' लाई एकैसाथ उल्लेख गर्नुभयो, र त्यसपछि यो स्पष्ट पार्नुभयो कि वरदानको कृतघ्नता नै ती दुवै गुम्ने कारण हो। जब कारूनले वरदानको श्रेय आफैंलाई दिँदै भन्यो:

{قَالَ إِنَّمَا أُوتِيتُهُ عَلَى عِلْمٍ عِنْدِي} [القصص: 78]

{उसले भन्यो: यो त मलाई मेरै विशेष ज्ञानको आधारमा मात्र दिइएको हो} [अल-कसस: ७८],

तब उसको परिणाम यो भयो कि अल्लाहले उसलाई र उसको घरलाई जमिनमा धसाइदिनुभयो; ताकि यो ती सबैका लागि शिक्षा बनोस् जसले वरदान दिने दाता (अल्लाह) लाई बिर्सेर वरदानमै मग्न भए।

हे मुस्लिमहरू हो:

हामीले आफूलाई र आफ्ना सन्ततिलाई सिकाउनुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुराहरूमध्ये एक: वरदानहरूको सम्मान गर्नु र तिनलाई व्यर्थ खेर जानबाट जोगाउनु हो। त्यसैले खानालाई फोहोरको टोकरीमा नफालियोस्, पानी र बिजुलीमा फजुलखर्ची नगरियोस्, र अल्लाहलाई अप्रसन्न पार्ने कुराहरूमा धन नष्ट नगरियोस्। किनकि यी वरदानहरू अमानत हुन् जुन अल्लाहले हाम्रो जिम्मामा सुम्पनुभएको छ।

अनस बिन मालिक (रजियल्लाहु अन्हु) बाट वर्णित छ, उहाँले भन्नुभयो:

अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«निश्चय नै अल्लाह त्यो भक्तसँग खुसी हुनुहुन्छ जसले कुनै गाँस खाएपछि उहाँको प्रशंसा (अल्हम्दुलिल्लाह) गर्दछ, वा कुनै घुट्को पिएपछि उहाँको प्रशंसा गर्दछ» [मुस्लिम]।

तसर्थ, हामीले अल्लाहका वरदानहरूको हेरचाह कृतज्ञता र असल सदुपयोगद्वारा गर्नुपर्छ; किनकि यो नै ती वरदानहरू कायम रहन र वृद्धि हुनका लागि सबैभन्दा उपयुक्त माध्यम हो।

हे अल्लाह! हाम्रो मनमा ईमानलाई प्रिय बनाइदिनुहोस् र यसलाई हाम्रा हृदयहरूमा सुशोभित गरिदिनुहोस्; र कुफ्र (अविश्वास), अवज्ञा, तथा पापलाई हाम्रो दृष्टिमा घृणित बनाइदिनुहोस्; र हामीलाई सही मार्गमा हिँड्नेहरूमध्ये बनाउनुहोस्।

हे अल्लाह! इस्लाम र मुस्लिमहरूलाई शक्ति र सम्मान प्रदान गर्नुहोस्, र शिर्क तथा बहुईश्वरवादीहरूलाई अपमानित गर्नुहोस्।

हे अल्लाह! कुवेत र यहाँका बासिन्दाहरूलाई हरेक प्रकारका खराबी र नराम्रा कुराहरूबाट सुरक्षित राख्नुहोस्, र यो देश तथा सम्पूर्ण मुस्लिम देशहरूलाई शान्त र सुरक्षित बनाउनुहोस्।

हे अल्लाह! हाम्रा सीमामा तैनाथ सिपाहीहरू र देशको सुरक्षामा खटिएका सबै सुरक्षाकर्मीहरूको रक्षा गर्नुहोस्, र उनीहरूका पाइलाहरूलाई दृढ बनाउनुहोस्।

हे अल्लाह! हाम्रा अमिर (शासक) र उहाँका युवराजलाई तपाईंले मन पराउने र प्रसन्न हुने कार्यहरू गर्ने तौफिक (अवसर) दिनुहोस्, र उनीहरूलाई भलाइ तथा धर्मपरायणतातर्फ अग्रसर गराउनुहोस्।

र हाम्रो अन्तिम पुकार यही छ कि सम्पूर्ण प्रशंसा सम्पूर्ण ब्रह्माण्डका पालनकर्ता अल्लाहका लागि मात्र हुन्।

**शुक्रबारको नमाजको लागि आदर्श खुत्बा (प्रवचन) तयारी गर्ने समिति**